मन्थली नगरपालिका

# सार्वजनिक सुनुवाइ कार्यक्रम

२०८१ बैशाख ३०

**वडा कार्यालय भवन, पुरानागाउँ- वडा नं ९**

(२०८०साउनदेखि ०८१चैत्र मसान्तसम्मको प्रगतिको संक्षिप्त विवरण)

कार्यक्रममा उपस्थित नगरप्रमुखज्यु, उपप्रमुखज्यू,वडाध्यक्षज्यूहरु सबै कर्मचारीज्युहरु,पत्रकार महासंघका अध्यक्षज्युर पत्रकारज्युहरु, यस कार्यक्रमका सहजकर्ताज्यु लगायत उपस्थित सम्पूर्ण सबैमा नमस्कार गर्दछु।

- मन्थली नगरपालिकालेगरेका विकास निर्माण रसेवा प्रवाहका सम्बन्धमा चालेका कदमहरुमा साथ सहयोग गर्नुहुने सम्पूर्ण राजनैतिक दल, संघ सस्थालगायत नगरनिबासी आमावुवा, दाजुभाई दिदीबहिनीहरुमा नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नगरपालिकाका काम र गतिविधिलाई अझ प्रभावकारी र राम्रो बनाउनका लागि तपाईहरुले भोगेका देखेका विषयमा रचनात्मक सल्लाह,सुझाव र सुधारका उपायहरु प्रष्ट रुपमा भनिदिनु हुन म अनुरोधगर्दछु ।
- यहाँहरुलाई नगरपालिकाका समग्र कार्यक्रम र वडामा भैरहेका कामका सम्बन्धमा उठेका र लागेका जिज्ञासा र गुनासोहरुलाइ सिधा रुपमा हाकाहाकि राखिदिनु हुन पनि अनुरोध गर्दछु । तपाईको एक/एक प्रश्नले हाम्रो नगरपालिका र वडाको कार्यसम्पादनमा सुधार गर्न र अझ राम्रो गर्न मद्दतपुग्ने विश्वास लिएको छु ।
- मन्थली नरपालिकाले आ.व. २०८०/०८१ का लागि स्वीकृत गरेकोनीति तथा कार्यक्रम वमोजिम यो ९ महिनाको अवधिमागरेका काम र मुख्य उपलब्धिहरु वुँदागत रुपमा यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु ।
- सार्वजनिक पदमा बस्ने जनप्रतिनिधि लगायत कर्मचारिले गरेका कामका बारेका सूचना र गुनासो सुन्न र हेर्न सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको,निर्णय हरुको सार्वजनिकीकरण गर्न कानून वमोजिम प्रवक्ता पनि तोकिएकोछ।

## संस्थागत विकास र सुशासन

- नगरपालिका कार्यालय र वडामा सेवा प्रवाह र विकासका काम नरोकिने गरी सुचारु राख्न रिक्त रहेका पदहरुमा आवश्यकता अनुसार विज्ञापन गरी सेवा करार गरेर सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ ।
- कार्यपालिकाका निर्णय र अन्य महत्वपुर्ण सूचनाहरु समयमै नगरपालिकाको वेब पेजर फेसबबुक पेजमार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- जिल्लाका ५ वटा रेडियोहरुबाट साप्ताहिक गतिविधिको प्रसारण गर्ने गरिएको छ ।
- जनप्रतिनिधि लगायत कर्मचारीले गरेका कामका बारेमा गुनासो सुन्न र सूचना लिन गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्थाका गरिएको छ ।
- नगर भित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा फाईवर ईन्टरनेट जडान सम्पन्न गरी एकीकृत सुचना प्रवाह शुरु गरिएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७७ सालमा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७ का सूचकहरुका आधारमा हाम्रो नगरपालिकाको समग्र व्यवस्थापकीय क्षमताको मूल्याङ्कन गर्दा गतवर्ष ७१.७५अंक र वित्तीय सुशासन जोखिम न्युनीकरण मुल्यांकन कार्यविधि २०७७ को सूचकहरुको आधारमा मूल्याङ्कन हुदाँ समेत गतवर्ष ७८ अंक सहित प्रारम्भिक नतिजा विगत वर्षहरुको तुलनामा वढोत्तरी भएको छ ।
- आन्तरिक राजश्व संकलनरु ४करोड३० लाख हुने लक्ष्य राखिएकोमा बैशाख २५ सम्म३ करोड १६ लाख ५५ हजार रकम संकलन भई करिब ७४ प्रतिशत आम्दानि भएकोछ।

- नगरपालिकाको स्थानीय संचितकोष व्यबस्थापन प्रणालीमा जम्मा १अरव ४ करोड ५४लाख ९२ हजारको वजेट स्वीकृत गरिएकोमा यसआ. व.को बैशाख २७ गतेसम्म चालुखर्च ६७% तथा पुँजीगतखर्च ४० प्रतिशत र जम्मा खर्च ५५ % भएकोछ।

## आर्थिकविकासक्षेत्र

- एक वडा एक उत्पादन अन्तर्गत वडा नं ७,९ र ११ बाहेकका अन्य ११ वटा वडामा वडागत उत्पादन पकेट कार्यक्रम सञ्चालन भइरहेको छ ।
- नगरपालिकाको भुगोल, हावापानी र माटो अनुकुल हुनेगरी वडा नं ६,७ र ९ बाहेकका सबै वडामा वडागत कृषि पकेट कार्यक्रम सञ्चालन गरिएको छ ।
- खेतबारी र बँगैचामा रोग किरा लागेर बालि सखाप हुने अवस्थालाई समयमै प्राथमिकतामा राखेर नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिइएको, रासायनिक मल, विषादी र उन्नत वीउ विजनलाई कृषक-उद्यमी समक्ष पुर्याउन विक्रेता छनौट गरी आपुर्ति सहज बनाइएको छ र ५० प्रतिशत अनुदानको बीउ वितरण वडाबाटै भइरहेको छ ।
- यस आ.व.मा सुन्तला जात फलफुलको पकेट विकास निरन्तरता कार्यक्रम वडा नं ४ मा र पुष्पनर्सरी स्थापना कार्यक्रम १३ मा सञ्चालन रहेको छ । कृषि तथा भेटेरीनरीमा जनशक्ति विकासका लागि यस वर्ष पनि रामेछाप पोलिटेक्निकमा छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम निरन्तरता गरिएको छ ।
- स्थानीय रैथाने बाली प्रवर्द्धनका लागि समुदायमा सूचनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- समुदायमा वाह्य ज्ञान, सीप प्रविधि र अनुभव भित्र्याउने र व्यावसायिक उत्पादनलाई प्रोत्साहन गरी बजारीकरण गर्न हेफरसँगको साझेदारी कार्यक्रम मार्फत कृषक समुह गठन, क्षमता विकास, उन्नत जातका बोका वितरण,बाख्रा खोर निर्माण लगायतका कार्यक्रम अगाडि बढाइएको छ ।
- पशु सेवा तर्फ शाखा तर्फ यस बर्ष प्रयोगशाला सेवा सहित मेडिकल उपचार सेवा,गाईनोकोलोजी उपचार, मेजर तथा माईनर सर्जिकल सेवाका साथै ७ वटा पशु सेवाकेन्द्रहरुबाट सुचारु रुपमा सेवा प्रवाह भईरहेको छ।
- मन्थली न.पा.वडा नं.३ मा फैलिएको खुरफट्टा जनावरहरुमा लाग्ने खोरेत रोग विरुद्धको खोप ५८५० गाई/भैसीहरुमा कृषकहरुको गोठमानै पुगि निशुल्क खोप लगाईएको । भेडा बाख्राहरुमा लाग्ने पि.पि.आर.रोग बिरुद्धको खोप २५००० भेडा बाख्राहरुमा निशुल्क कृषकहरुको घर गोठमानै प्राबिधिकहरु पुगि लगाईएको छ। ३५० पशुहरुमा लम्फि स्कीन डिजिज बिरुद्धको निशुल्क खोप लगाईएको छ ।
- कृत्रिम गर्भाधानको माध्यमबाट ५२९ गाई/भैसी/बाख्राहरुमा नश्ल सुधार गरिएको छ। ५२५ घरपालुवा कुकुर बिरालोहरुमा निशुल्क रेबिज बिरुद्धको खोप लगाउने कार्य सम्पन्न भएको ।
- ढुवानी अनुदान सहित ५०% अनुदानमा हिउंदे जै घांसको बिउ र बर्षे टियोसेन्टि घांसको बिउ वितरण गरिएको ।
- दुध उत्पादनमा अनुदान वितरण कार्यक्रम अन्तर्गत २०८०/०३/१७ गते देखि मिति २०८० पौष मसान्त सम्मको ६५१२४७ लिटर दुधको रु.२/५० का दरले जम्मा रु.१६ लाख२८हजार रकम सम्बन्धित कृषकहरुको खातामा पठाइएको छ।
- एकिकृत घुम्ति सेवा शिविर मन्थली-१३ चिण्डेमा सम्पन्न भई २१० घरधुरी परिवारका १५२० पशुपन्छीहरुमा सेवा प्रवाह गरिएको । जुनोटिक रोग (रेबिज रोग) तथा परजिवि नियन्त्रण कार्यक्रम वडा नं.३,५,११,१४ मा सञ्चालन भई ७३५ घरधुरी परिवारको ६५३२ पशुपन्छीहरुमा सेवा प्रवाह भएको ।
- समुदायमा आधारित लघु उद्यमी सिर्जना र विकासका साथै सेवा टेवा प्रदान गर्ने कार्यलाइ निरन्तरता दिदै यस आ व मा वडा नं ७ का उद्यमिका लागि साबुन बनाउने तालिम र सिलाइ कटाइको एड्भान्स तालिम,होटल व्यवस्थापन तालिम तथा वडा नं ६ मा ढाका बुनाइ तालिम चलिरहेको र सबै वडाका २८

जना महिलाहरुलाइ कृष्टलको गहना बनाउने तालिम दिइएको छ। त्यसैगरी पुराना लघु उद्यमीहरुलाइ मागका आधारमा साना प्रविधिहरु उपलब्ध गराइएको छ । साथै वागमती प्रदेश सरकारसँगको साझेदारीमा वडा नं. १,६ र १० मा गृहिणि महिला लक्षित सीपमुलक तालिमको तयारी भइरहेको छ।

- नगरपालिका नियामक हुनेगरी सञ्चालित सहकारी संख्या ११० वटा रहेकोमा यस आ व मा ३९ वटा सहकारीहरुले मात्र अध्यावधिक विवरण नगरपालिकामा बुझाएका छन्।
- बैदेशिक रोजगारीमा जानेको संख्या बृद्धि हुदै जादा अधिकतम मानिसहरु बिभिन्न जोखिममा पर्ने सम्भावना भएकोले आप्रवासी स्रोतकेन्द्र मार्फत ५४०५ जनालाई सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ। साथै बिभिन्न वडा तथा वस्तिहरुमा ८ वटा समुदाय अभिमुखिकरण र रिर्टनी स्वयमसेवकहरुद्धारा १६५८ जनालाई सूचना प्रवाह गरिएको छ।
- बैदेशिक रोजगारीको शिलशिलामा बिभिन्न समस्यामा परेका २५ वटा विवादहरु आप्रवासी स्रोत केन्द्रमा दर्ता भएकोमा हाल सम्म १४ वटा समाधान भईसकेका छन भने बिभिन्न मनोसामाजिक समस्यामा रहेका २८ जनालाई नियमित मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ।
- बैदेशिक रोजगारीमा जान लागेका रामेछाप जिल्लाका १४ जनालाई १ महिने निशुल्क आवासिय सिप तालिममा पठाईएको छ।
- बैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषणको सहि सदुपयोग गर्न ८० जनालाइआवश्यक क्षमता बिकासका लागि २१ हप्ते बित्तिय साक्षारता कक्षा उपलब्ध गराइएकोछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका यस आ.व मा कूल १३ वटा रोजगारमूलक आयोजनाहरु मध्ये ११ वटा आयोजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा गएका र यस अन्तर्गत वडा न. ७ र ११ का आयोजनाहरु कार्य सम्पन्न भई भुक्तानीको क्रममारहेका छन्।
- रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा बेरोजगार व्यक्तिको सूचीकरणका लागि फागुन महिनामा सबै वडाहरुमा एक दिने निवेदन संकलन शिविर कार्यक्रम सम्पन्न गरिचैत महिनामा EMIS मा प्रविष्टी गरिएको छ। यसमा सूचीकृत बेरोजगारको संख्याः महिला ३१६ र पुरुष ४०२ गरी जम्मा ७१८ रहेको छ।
- यस अवधिमा वैदेशिक रोजगारीमा पुनःश्रम स्वीकृति लिएर विदेश जाने व्यक्तिहरु मध्ये कूल २५ जना सेवाग्राहीको श्रम स्वीकृति सम्बन्धि कार्य सम्पन्न भएको छ।
- बागमती प्रदेश सरकार श्रम,रोजगार तथा यातायात मन्त्रालयको आयोजना र मन्थली नगरपालिकाको सिफारिसमा ५ जना महिला प्रशिक्षार्थीहरु सवारी चालक प्रशिक्षणमा रहेका छन् ।

## सामाजिकविकासक्षेत्र

### शिक्षा

- नगरपालिकाभित्र सञ्चालनमा रहेका ६७ वटा सामूदायिक विद्यालयहरुमध्ये ५२ विद्यालयमा खुला प्रतिष्पर्धाको माध्यमबाट प्रधानाध्यापक नियुक्ति र व्यवस्थापन गरिएको छ।बाँकी विद्यालयहरुका लागि पनि प्रकृया अगाडी बढाइएको छ।
- विद्यालयहरुको शैक्षिक क्यालेण्डर निर्माण गरिएको र कक्षा ८ को परीक्षा सम्पन्न गरिएको छ।
- समाजमा रहेका वालविवाह, छुवाछुत जस्ता कुरिति र लागु औषध प्रयोग जस्ता कुलत हटाउने उद्देश्यले १० वटा सामुदायिक माध्यमिक विद्यालयमा स्वास्थ्य सम्बन्धी र सडक नाटक कार्यक्रम सञ्चालन गरिएको छ।
- विद्यालय निरीक्षण एवं सुवरिवेक्षण कार्यलाई निरन्तरता दिइनुका साथै प्र अ बैठकलाई आवश्यकतानुसार भौतिक उपस्थिति र अनलाइनबाट समेत सञ्चालन गरिएको छ।

### स्वास्थ्य

- नगरपालिका भित्रका २४ वटै स्वास्थ्य संस्थाबाट नेपाल सरकारको मापदण्ड वमोजिम प्रतिकारात्मक निदानात्मक र उपचारात्मक सेवाका साथै नि:शुल्क पाउने औषधि समेत नियमित प्रवाह हुने व्यवस्था गरी १ लाख ३७ हजार ४०८ जनाले स्वास्थ्यलाभा लिएका छन्।
- मन्थली अस्पतालमा USG मेशिन,Lab र थाइराइड मेशिनको औजार उपकरणको व्यवस्था, सि.ई.ओ.एन.सी तथा ओ.सी.एम.सी सेवा कोभिड-१९तथा डेंगु रोग रोकथाम/उपचार सेवा, आँखा सेवा, दाँत उपचार सेवा, फिजियोथेरापी सेवा सर्पदंश उपचार तथा कुकुरको टोकाइबाट बच्ने ARV सेवा, स्क्रव टाइफस परीक्षण र निदान सेवा, सुरक्षित मेडिकल एवोर्सन सेवा, पोष्ट मार्टम सेवा, ब्लड बैंकसेवा, स्वास्थ्य विमाको फार्मेसी लगायतका सेवा सञ्चालन गरिएको छ। दैनिक सरदर २०० जना विरामीको परीक्षण,उपचार र स्वास्थ्य परामर्श भैरहेको छ।
- नगरभित्रका गर्भवती /सुत्केरी महिलाहरुका लागि आउने जाने र रिफर भएको अवस्थामा निशुल्क एम्वुलेन्स सेवा र सुत्केरीसँग उपमेयर कार्यक्रमबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउनेहरुका लागि रु.३००० का दरले९० जनालाइ उपलव्ध गराइएको छ।
- दीर्घरोग लागेका ६५जना विपन्न नागरिकहरुको उपचारका लागि विपन्न नागरिक औषधि उपचारको सिफारिस गरिएको र ८८ जना दीर्घरोगी नागरिकहरुलाई उपचार खर्च वापत मासिक रु ५,००० का दरले रकम उपलव्ध गराइएको छ।
- स्वास्थ्य सेवालाइ जनताले अनुभति गर्ने गरी प्रवाह गर्नका लागि वडा नं ८ र ११मा समेत स्वास्थ्य शिविरहरु सञ्चालन गरिएको र मन्थली अस्पतालमा यहि २८ गते हाडजोर्नी विशेषज्ञ शिविर समेत सञ्चालन गरिएको छ।
- आयुर्वेद केन्द्रको साझेदारीमा जिमशाला सञ्चालन गरिएको र चिसापानी आयुर्वेद औषधालयमा पञ्चकर्म लगायतका थप सेवा विस्तार गरिएको छ।
- २०८१ चैत्र मसान्तभित्र वालमैत्री स्थानीय शासनयुक्त नगर बनाएर घोषणा गर्ने तयारीका लागि ५१ वटा सूचकहरुमा भएको प्रगति समीक्षा गरेर पाँच वर्षिय लगानी योजना तयारी समेत गरिएको छ।
- ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसका फागुन २५ का अवसरमा महिलामा लगानी-सभ्य र समुन्नत समाजको थालनी विषयमा वक्तृत्वकला प्रतियोगिता गरिएको छ।
- नगरपालिकाका १४ वटै वडामा बाल विवाह र बालश्रम उन्मुलनका लागि होर्डिङ्बोर्ड मार्फत सूचना प्रवाह गरिएको छ।
- हिंसा पिडित तथा प्रभावित व्यक्तिहरुलाई अल्पकालिन सेवाकेन्द्र मार्फत हालसम्म २० जनालाइ सेवा प्रदान गरिएको छ।
- सामाजिक सुरक्षाका लागि सम्बन्धित व्यक्तिलाई परिचय पत्र वितरण र नविकरणका कार्य निरन्तर गर्दै लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता पहिलो त्रैमासिकमा ५ हजार ७३६ जनालाई उपलव्ध गराइएकोमा दोस्रो त्रैमासिकमा ५ हजार ८३७ जना र तेस्रो त्रैमासिक ५,९५२ जनाको रकम सम्बन्धीत लाभग्राहीको खातामा पठाइएको छ।
- यस वडा न ९मा ४४५ जनाका लागि सामाजिक सुरक्षा भत्ता सांग्रिला डेभलप्मेण्ट बैंक मन्थलीवाट वितरण भइरहेको छ।

## पूर्वाधारविकासआयोजनारविपद्व्यवस्थापन

- नगरसभाबाट स्वीकृत भएका साना ठूला गरी जम्मा ३७७ वटा आयोजना र कार्यक्रम मध्ये हालसम्म ७६%योजनाहरु सम्झौता भइ कार्यान्वयनमा गएका र यि मध्ये करी ५५% योजनाको कार्यसम्पन्न भई भुक्तानी भएको अवस्था छ।
- वडाबाटै व्यवस्थित सेवा प्रवाहका लागि वडा कार्यालय भवन निर्माण कार्यमा जोड दिइएको र वडा नं ७ र ८ का वडा कार्यालय भवन उद्घाटन भइ सेवा प्रवाह शुरु भएको छ। ३ र ११ नं वडा कार्यालयको काम

सम्पन्न भइ हस्तान्तरणको चरणमा छनभने वडा नं १३ को ८० प्रतिशत प्रगतिमा रहेको छ। अन्य वडा नं ४, ५, ९ र १२ को लागि जग्गा प्राप्ति र व्यवस्थापन गर्ने काम भइरहेको छ।

- नगरबाट सञ्चालन हुने निर्माण कार्यका २५ लाख भन्दा माथिका आयोजनाहरु सबै सिलबन्दी बोलपत्रको माध्यमबाट कार्यक्रम सञ्चालनमा जोड दिएको र नगर र प्रदेशको साझेदारीका २५ वटा आयोजना मध्ये २४ वटा आयोजनाहरु ठेक्का प्रकृयामा अगाडि बढाइसकिएको छ।
- विपदबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न पुर्व तयारी, उद्धार र राहत वितरण तथा पुनरोत्थान तथा पुनस्थापन सम्बन्धी कार्य र सेवालाइ निरन्तरका लागि नगर भित्र रहेका दमकल, एम्बुलेन्स, सववाहन र व्याकहो लोडरलाई हर समय तयारी अवस्थामा राखि वर्षा याममा समेत सडकहरुलाई यथासिघ्र सञ्चालनमा ल्याइएको छ।

## न्यायिक समिति

- यसआ.व.मा न्यायिक समितिसमक्ष पर्न आएका विवादहरु तत्काल दर्ता गर्ने गरिएका र जिम्मेवारी सरी आएका विवादहरुमा पनि मेलमिलाप र विवाद निरुपणको कार्वाही यथाशिघ्र छिटो गर्ने प्रयत्न गरिएकोछ।
- वडास्तरीय मेलमिलाप केन्द्रहरुको क्षमता अभिवृद्धि गरी न्याय सम्पादनमा सहजता ल्याउन जोड दिइएको छ।

अन्त्यमा, यस कार्यक्रममा उपस्थित सबै जनसमुदाय प्रति हार्दिक स्वागत गर्दै धन्यवाद पनि भन्न चाहन्छु। साथै चालु अ.व.का कार्यक्रमलाइ दिगो हुनेगरी समयमै सम्पन्न गरी भुक्तानी लिन र आगामी वर्षका लागि समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमा गर्ने समय पनि शुरु भइसकेकाले यहाँहरुको यस तर्फ पनि प्रयत्न र सुझाव सल्लाह आउन सकोस भन्ने अपेक्षा गर्दछु। नगरपालिकाबाट सञ्चालन हुने यस खाले घुम्ती सेवाका शिविरसहितकासार्वजनिक सुनुवाइले सेवा प्रवाहका बखतअनुभुत गरिएका असन्तुष्टी र गुनासोको अवस्था सुन्न र सुधार गर्न सघाउ पुग्ने विश्वास हामीले लिएका छौं।

मिति २०८१/१/३० पुरानागाउँ

धन्यवाद।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत